# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


# प्रेस नोट

२०७५ मंसिर ३

## द्वन्द्वपीडितहरुको न्याय पाउने अधिकार ओझेलमा नपरोस् ।

द्वन्द्वकालीन घटना दोषीहरुलाई उन्मुक्ति दिने तथा द्वन्द्वपीडितहरुलाई न्यायबाट विमूख गराइएको सम्बन्धमा नेपाल मानव अधिकार संगठनको तर्फबाट द्वन्द्वपीडितहरु समेतको उपस्थितिमा आयोगमा एक ज्ञापनपत्र प्राप्त हुन आएको छ । उक्त ज्ञापनपत्र बुझ्दै आयोगका अध्यक्ष अनूपराज शर्माले "द्वन्द्वपीडितले पाउने न्याय ओझेलमा नपरोस, द्वन्द्वपीडितहरु एकढिक्का भएर न्यायको लागि लड्नुपर्छ" भन्नुभयो ।

संक्रमणकालीन न्यायका संयन्त्रहरु प्रभावकारी भइदिएनन् भने न्याय अल्मलिन्छ भन्दै वहाँले संक्रमणकालीन न्यायका संयन्त्रहरुबाट समयमै प्रतिवेदन/सिफारिशहरु नेपाल सरकारलाई बुझाएको अवस्थामा मात्रै मानव अधिकारका विषयले मूर्तरुप लिन सक्छन् भन्नुभयो । द्वन्द्वपीडितहरु वीच नै द्वन्द्वको रेखा देखा नपरोस् भन्दै आयोगका अध्यक्ष शर्माले त्यसो भएको खण्डमा मात्रै मानव अधिकारको विषयलाई संस्थागतरुपमा सम्बोधन गर्न सहज हुने बताउनु भयो ।

उक्त कार्यक्रममा आयोगका माननीय सदस्यहरु, सचिव, कर्मचारीहरु तथा द्वन्द्वपीडितहरुको उपस्थिति रहेको थियो ।

.............................
मोहना अन्सारी
सदस्य/ प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org